# सुनवल नगरपालिकाको अटोभिलेज व्यवस्थापन नियमावली, २०७७

**प्रस्तावना** :

सुनवल नगरपालिका क्षेत्रभित्र रहेका सबै प्रकारका अटोमोवाईल मर्मत केन्द्र र सो संग सम्बन्धित व्यवसायहरुलाई संचालन र व्यवस्थापन गर्न आवश्यक देखिएकोले नगर भित्र संचालित एवं संचालन हुने अटो व्यवसाय र सो संग सम्बन्धित अन्य व्यवसायहरुलाई व्यवस्थित गरी नियमन गर्न सुनवल नगरपालिकाको **अटोभिलेज व्यवस्थापन ऐन, २०७७ को दफा १२ वमोजिमको अधिकार प्रयोग गरी** नगर कार्यपालिकाले यो नियमावली बनाएको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस नियमावलीको नाम **सुनवल नगरपालिकाको अटोभिलेज व्यवस्थापन नियमावली २०७७** रहेको छ ।

(२) यो **नियमावली** तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस नियमावली मा :

(१) नगरपालिका भन्नाले सुनवल नगरपालिका सम्झनु पर्छ ।

(२) सभा भन्नाले सुनवल नगरपालिकको नगर सभा सम्झनु पर्दछ ।

(३) कार्यपालिका भन्नाले सुनवल नगरपालिका, नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(४) कार्यालय भन्नाले सुनवल नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(५) व्यवसायी भन्नाले अटोमोवाईल मर्मत सम्बन्धी पेशामा संलग्न रहेका कानुन बमोजिम दर्ता भएका फर्म सम्झनु पर्दछ ।

(६) ऐन भन्नाले **सुनवल नगरपालिकाको अटोभिलेज व्यवस्थापन ऐन, २०७७ सम्झनु पर्दछ ।**

सुनवल नगरपालिकाको मिति.................................
... कार्यपालिका बैठकबाट स्वीकृत भएको यो

(७) व्यवस्थापन समिति भन्नाले ऐनको दफा (९) बमोजिम गठित अटोभिलेज व्यवस्थापन समिति सम्झनु पर्दछ ।

## परिच्छेद-२
## अटोभिलेज संचालन

**३. अटोभिलेज व्यवस्थापन मापदण्ड**

(१) सुनवल नगरपालिकाले सुनवल नगरपालिका वडा नं. ४ मा स्थित नक्सा सिट नं.४ङ कित्ता नं. १३२ को पूर्वमा वाटो र घोला, पश्चिममा तुरिया खोला, उत्तरमा वाटो र दक्षिणमा घोला यति चार किल्ला भित्रको अन्दाजी १२ विगाहा जग्गामा स्थापना गरीने अटोभिलेजमा देहाय बमोजिमका न्यूनतम पूर्वाधार तयार गर्नु पर्ने छ ।

(क) **सडक** : सम्भव भएसम्म पक्की र सो नभएमा कम्तीमा बाह्रै महिना सवारी साधन जान सक्ने न्यूनतम ग्राभेल सडकको व्यवस्था हुनुपर्ने ।

(ख) **खानेपानी** : अटोभिलेज क्षेत्रमा आवश्यक स्वच्छ खानेपानीको व्यवस्था गर्नुपर्नेछ । खानेपानीका अतिरिक्त सरसफाई कार्यका लागि पानीको व्यवस्था गर्नुपर्नेछ । पानीक सुविधा उपलब्ध गराए वापत नियमानुसारको महशुल सम्बन्धित व्यवसायिले तिर्नु पर्नेछ ।

(ग) **शौचालय** : अटोभिलेज क्षेत्रमा नगरपालिकाले सार्वजनिक शौचालय निर्माण गर्नेछ र अन्य थप शौचालय आवश्यक पर्ने भएमा नगरपालिकाले उपलब्ध गराएको डिजाईनमा सम्बन्धित व्यवसायिले निर्माण गर्नेछ ।

(घ) **बिजुली** : अटोभिलेज क्षेत्रमा नगरपालिकाले बिद्युत लाई विस्तार गराउनेछ । बिद्युत जडान तथा सो को महसुल सम्बन्धित व्यवसायिले तिर्नुपर्नेछ ।

(ङ) **नाला तथा निकास, फोहोर व्यवस्थापन** : अटोभिलेज क्षेत्रमा नगरपालिकाले नाला तथा ढलनिकासको लागि उचित प्रबन्ध गर्नेछ । फोहोर व्यवस्थापनका लागि नगरपालिकाले नियमित ढुवानी साधन पठाई सेवा प्रदान गर्नेछ र सो सेवा वापतको महशुल सम्बन्धित व्यवसायिहरुले तिर्नुपर्नेछ ।

(च) **प्राथमिक उपचार, पार्क तथा खुला क्षेत्र** : अटोभिलेज क्षेत्रमा नगरपालिकाले प्राथमिक उपचारको सेवा प्रदान गर्नेछ । पार्क तथा खुला क्षेत्रको लागि आवश्यक डिजाईन तयार गरी लागु गरिनेछ ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाले निर्माण गरेको न्यूनतम पूर्वाधारका अतिरिक्त आवश्यक पर्ने अन्य पूर्वाधारहरु सम्बन्धित व्यवसायिलाई नगरपालिकाबाट स्वीकृत मापदण्ड अनुसार निर्माण गर्न लगाउन सक्नेछ ।

**४. निजी अटो व्यवसाय निम्न क्षेत्रको १०० (एक सय) मिटर भित्र संचालन गर्न पाईने छैन ।**

(क) सामुदायिक तथा संस्थागत विद्यालय ।

(ख) अस्पताल तथा स्वास्थ्य चौकी तथा स्वास्थ्य संस्थाहरु ।

(ग) संघीय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयहरु ।

(घ) मठमन्दिहरु, गुम्बा, मस्जिद, चर्च लगायतका पुरातात्वीक तथा धार्मिक क्षेत्रहरु ।

(ङ) सार्बजनिक पार्क तथा सार्बजनिक रुपमा प्रयोग हुने खेलमैदान लगायतका क्षेत्रहरु ।

परिच्छेद ३

**५. निजी जग्गामा अटो व्यवसाय संचालन सम्बन्धी मापदण्ड**

(१) साना सवारी साधनको अटो व्यवसाय संचालन गर्नको लागि कम्तिमा १० (दश) धुर र ठूला सवारी साधनको अटो व्यवसाय संचालन गर्नको लागि कम्तिमा १ (एक) कठ्ठा क्षेत्रफल भएको जग्गा हुनुपर्नेछ ।

(२) निजी जग्गामा अटो व्यवसाय संचालन गर्नको लागि ६-७ फिटको वाल निर्माण गर्नु पर्नेछ ।

(३) **व्यवसायिले तयार गर्नुपर्ने अन्य पूर्वधारहरु** : अटोभिलेज निर्माण हुने क्षेत्रमा गेट निर्माण, सुविधायूक्त शौचालय, ढल निकास, पानी, बिजुली जस्ता पूर्वाधारको उचित प्रबन्ध गरी नगरपालिकाबाट स्वीकृति प्राप्त गरेपश्चात् मात्र व्यवसाय संचालन गर्नु पर्नेछ ।

(३) नगरपालिकाले तोकेको मापदण्डको बर्खिलाप हुनेगरी कसैले अटोव्यवसाय संचालन गरेमा नगरपालिकाले पहिलोपटक सचेत गराउने छ, दोश्रोपटक ३५ दिनको समयावधी तोकी लिखित जानकारी गराउने छ र तेस्रो पटक पनी अटेर गरी

तोकिएको मापदण्डको बर्खिलाप गरेको पाईएमा नगरपालिकाले नियम अनुशरण नगर्ने उक्त अटो व्यवसाय बन्द गराउन सक्नेछ।

**६. व्यवसाय दर्ता तथा सुचिकरण**

(१) नियमानुसार तर्दा सूचिकृत नहुने अटो व्यवसायलाई नगरपालिकाले पहिलो पटक सचेत गराई तुरन्त आवश्यक कानुनी प्रकृया पुरा गर्न पत्राचार गर्ने, दोश्रो पटक ३५ दिनको म्याद दिई आवश्यक सबै कागजात पेश गर्न निर्देशन गर्ने र तेस्रोपटक अटेर गरेको पाईएमा उक्त व्यवसाय बन्द गराउन सक्नेछख।

परिच्छेद ४

## स्टलहरुको व्यवस्थापन तथा शूल्क

**७. स्टलहरुको व्यवस्थापन र जग्गाको शूल्क**

(१) तोकिएको स्थान र क्षेत्रफलमा अनुमति प्राप्त अटोमोवाइल निर्माण तथा मर्मतको लागि नगरपालिकाले देहाय बमोजिमको शूल्क निर्धारण गर्नेछ।

(क) प्रति ५ धुर जग्गाको मासिक भाडा रु. १०००।० (रु.एक हजार)

(ख) १ (एक) कठ्ठा जग्गाको मासिक भाडा रु. १५००।० (रु. एक हजार पाँच सय)

(ग) २ कठ्ठा जग्गाको मासिक भाडा रु. २०००।० (रु. दुइ हजार)

(घ) ३ कठ्ठा जग्गाको मासिक भाडा रु. २५००।० (रु. दुई हजार पाँच सय)

(२) अटोभिलेज क्षेत्रमा न्यूनतम पूर्वाधार सहित बडि पार्ट सम्बन्धी उद्योगको हकमा ३ (तीन) कठ्ठा र अन्यको हकमा २ (दुई) कठ्ठा जग्गा उपलब्ध गराईने छ।

(३) अटोभिलेज क्षेत्रमा स्थापना हुने व्यवसायिक फर्म संग पहिलो २५ (पच्चिस बर्ष) को लागि सम्झौता गरिने छ र पहिलो सम्झौताको अवधि समाप्त भएपश्चत् नगरपालिका र सम्बन्धित व्यवसायि बिचको आपसी समझदारीमा थप सम्झौता गर्न सकिने छ। नियम (१) बमोजिमको भाडा दर हरेक ३ (तीन) बर्षमा १० (दश) प्रतिशतका दरले बृद्धि हुनेछ।

(४) नियम (१) बमोजिमको भाडा व्यवसायिहरुबाट निर्माण गरिने स्टलहरुको लागतबाट कट्टी गरिनेछ ।

(५) नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएपनि अटोभिलेज क्षेत्रमा स्थापना हुने व्यवसायहरुबाट सम्झौता भएको मितिले पहिलो ६ (छ) महिनाको जग्गाको भाडा लिईने छैन । ६ छ महिना पश्चात् यस नियमावलीमा तोकिए अनुसारको भाडा लाग्नेछ ।